# प्राविधिक विश्वविद्यालय अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्न प्राविधिक विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा मधेश प्रदेश,

जनकपुरधाम, धनुषा

# प्राविधिक विश्वविद्यालय अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्न प्राविधिक विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण मिति

.......................

सम्वत् २०७९ सालको ऐन नं. ...............

प्रस्तावनाः कला, विज्ञान, चिकित्साशास्त्र, पर्यटन, आयुर्वेद, कानून, व्यवस्थापन, शिक्षा, प्राच्य दर्शन, प्राविधिक, व्यावसायिक तथा अन्य विषयमा अध्ययन, अध्यापन र अनुसन्धानद्वारा गुणात्मक र स्तरयुक्त उच्च शिक्षाको अवसर जनतालाई सर्वसुलभ रुपमा उपलब्ध गराई राष्ट्रको सर्वाङ्गिण विकासमा दक्ष जनशक्तिको आपूर्ति गर्न र विश्वविद्यालयको अवधारणा अनुरुप प्रतिस्पर्धाको आधारमा उच्च शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै शैक्षिक तथा प्राज्ञिक वातावरणलाई अझ बढी स्वच्छ, मर्यादित र उपलब्धिमूलक बनाउन यस प्रदेशमा मधेश विश्वविद्यालयको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

मधेश प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मधेश विश्वविद्यालय ऐन, २०७९" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) "अनुसन्धान केन्द्र" भन्नाले दफा २६ बमोजिमको अनुसन्धान केन्द्र सम्झनु पर्छ ।

(ख) "उपकुलपति" भन्नाले दफा १९ बमोजिमको उपकुलपति सम्झनु पर्छ ।

(ग) "कार्यकारी परिषद्" भन्नाले दफा १३ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(घ) "कुलपति" भन्नाले दफा १७ बमोजिमको कुलपति सम्झनु पर्छ ।

(ङ) "डीन" भन्नाले संकायको प्रमुख सम्झनु पर्छ ।

(च) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) “निर्देशक” भन्नाले अनुसन्धान केन्द्रको प्रमुख सम्झनु पर्छ ।

(ज) “पदपूर्ति समिति” भन्नाले दफा १५ बमोजिम सेवा आयोग सम्झनु पर्छ ।

(झ) “प्राज्ञिक परिषद्” भन्नाले दफा ११ बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(ञ) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ट) “महाविद्यालय” भन्नाले दफा २८ बमोजिम स्थापित विश्वविद्यालयको महाविद्यालयहरु सम्झनु पर्छ ।

(ठ) “विद्या परिषद्” भन्नाले दफा २७ बमोजिमको परिषद् सम्झनु पर्छ ।

(ड) “विश्वविद्यालय” भन्नाले दफा ३ को उपदफा (१) बमोजिमको मधेश विश्वविद्यालय सम्झनु पर्छ ।

(ढ) “शिक्षक” भन्नाले विश्वविद्यालयमा शिक्षण गर्ने वा अनुसन्धान कार्यमा संलग्न प्राध्यापक, सह-प्राध्यापक तथा उप-प्राध्यापक सम्झनु पर्छ ।

(ण) “संकाय” भन्नाले दफा २५ बमोजिमको संकाय सम्झनु पर्छ।

(त) “सभा” भन्नाले दफा ८ बमोजिमको विश्वविद्यालय सभा सम्झनु पर्छ ।

(थ) "सहकुलपति" भन्नाले दफा १८ बमोजिमको सहकुलपति सम्झनु पर्छ ।

## परिच्छेद-२

## विश्वविद्यालयको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. विश्वविद्यालयः (१) यस प्रदेशमा एक मधेश विश्वविद्यालय रहनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको विश्वविद्यालयको मुख्य कार्यालय पर्सा जिल्लाको वीरगंजमा रहनेछ ।

४. <u>विश्वविद्यालय स्वशासित संस्था हुने:</u> (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) विश्वविद्यालयको सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) विश्वविद्यालयले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) विश्वविद्यालयले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र विश्वविद्यालय उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) विश्वविद्यालयले व्यक्ति सरह करार गर्न, करार बमोजिम अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. <u>विश्वविद्यालयको काम, कर्तव्य र अधिकार:</u> विश्वविद्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) उच्च शिक्षाको विकास गर्नको लागि तोकिए बमोजिमका विभिन्न शिक्षण, प्रशिक्षण र अनुसन्धानको व्यवस्था र सञ्चालन गर्न संकाय, अनुसन्धान केन्द्र व्यवस्था गर्ने र सोको रेखदेख तथा निरीक्षण गर्ने ।

(ख) महाविद्यालयहरूबाट तोकिएको उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई तोकिए बमोजिमको प्रमाण पत्र दिने र विशिष्ट व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्ने ।

(ग) स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्ध कायम गर्ने ।

(घ) प्रचलित कानून बमोजिम स्वदेशी वा विदेशी प्राज्ञिक, शैक्षिक वा अन्य संस्था र व्यक्तिबाट आर्थिक सहयोग प्राप्त गर्ने तथा शैक्षिक कार्यक्रमहरूको आदान-प्रदान गर्ने।

(ङ) छात्रवृत्ति, पदक र पुरस्कारहरू प्रदान तथा आवश्यकता अनुरुप व्यवस्था गर्ने ।

(च) विश्वविद्यालय अन्तर्गत विभिन्न खेलकुद तथा कल्याणकारी कार्यक्रमको व्यवस्था र सञ्चालन गर्ने।

(छ) आङ्गिक क्याम्पस (आङ्गिक महाविद्यालय) तथा सम्बन्धन प्राप्त क्याम्पसहरू (सम्बन्धन प्राप्त महाविद्यालयहरू) बाट तोकिएको उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई तोकिए बमोजिमको प्रमाण पत्र दिने र विशिष्ट व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्ने ।

(ज) निजी क्षेत्रमा क्याम्पस (महाविद्यालय) स्थापना गर्न स्वीकृति दिने र सम्बन्धन प्रदान गर्ने तथा त्यस्तो सम्बन्धन प्राप्त क्याम्पस (महाविद्यालय) लाई

विश्वविद्यालयले प्रदान गर्ने सुविधा र सहयोग निर्धारण गर्ने र सोको निरीक्षण गर्ने ।

(झ) विश्वविद्यालयलाई आवश्यक पर्ने नियम बनाउने ।

(ञ) विश्वविद्यालयसँग सम्बन्धित अन्य कामहरू गर्ने ।

## परिच्छेद-३
## विश्वविद्यालयको संगठनको स्वरुप

६. **विश्वविद्यालयको संगठनः** विश्वविद्यालयको संगठन देहाय बमोजिम हुनेछ र यिनीहरुको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछ;-

(क) विश्वविद्यालय सभा,

(ख) कार्यकारी परिषद्,

(ग) प्राज्ञिक परिषद्,

(घ) संकाय,

(ङ) विद्या परिषद्,

(च) विभाग

(छ) आङ्गिक क्याम्पस, (आङ्गिक महाविद्यालय)

(ज) सम्बन्धन प्राप्त क्याम्पस, (सम्बन्धन प्राप्त महाविद्यालय)

(झ) अनुसन्धान केन्द्र र फार्म केन्द्र,

(ञ) अन्य निकायहरू ।

७. <u>विश्वविद्यालयका पदाधिकारी</u>: विश्वविद्यालयमा देहाय बमोजिमका पदाधिकारीहरू रहने छन्ः-

(क) कुलपति,

(ख) सहकुलपति,

(ग) उपकुलपति,

(घ) रजिष्ट्रार,

(ङ) डीन,

(च) सहायक डीन

(छ) निर्देशक,

(ज) प्राचार्यहरू,

(झ) तोकिएका अन्य पदाधिकारीहरू ।

८. <u>विश्वविद्यालय सभाको गठन</u>: (१) विश्वविद्यालयमा सर्वोच्च निकायको रूपमा एक विश्वविद्यालय सभा रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सभाको गठन देहाय बमोजिम हुनेछः-

(क) कुलपति -अध्यक्ष

(ख) सहकुलपति -उपाध्यक्ष

(ग) विश्वविद्यालयको मुख्य कार्यालय रहेको निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य - सदस्य

(घ) उपकुलपति -सदस्य सचिव

(ङ) सदस्य, प्रदेश नीति आयोग (शिक्षा हेर्ने) - सदस्य

(च) विश्वविद्यालयको मुख्य कार्यालय रहेको वीरगंज नगरपालिका प्रमुख - सदस्य

(छ) सचिव, प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ज) सचिव, प्रदेश अर्थ मन्त्रालय -सदस्य

(झ) संकाय प्रमुखहरू मध्येबाट मनोनित दुई जना-सदस्य

(ञ) प्राचार्यहरू मध्येबाट मनोनित दुई जना -सदस्य

(ट) ख्याति प्राप्त विद्धानहरू मध्येबाट मनोनित एक जना महिला सहित दुई जना - सदस्य

(ठ) उद्योगी तथा व्यापारी मध्येबाट मनोनित एक जना महिला सहित दुई जना -सदस्य

(ड) क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियनका सभापतिहरू मध्येबाट दुई जना -सदस्य

(ढ) सम्बन्धन प्राप्त महाविद्यालयहरु मध्ये दुई जना सञ्चालक -सदस्य

(ण) चन्दा दाताहरु मध्येवाट मनोनित एक जना-सदस्य

(त) रजिस्ट्रार -सदस्य

(३) उपदफा (२) को खण्ड (झ), (ञ), (ट), (ठ), (ड), (ढ) र (ण) बमोजिमका

सदस्यहरूको मनोनयन उपकुलपतिको सिफारिसमा कुलपतिबाट हुने छ।

(४) मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

तर मनोनीत सदस्य जुन हैसियतमा मनोनित भएको हो, त्यसरी मनोनित हुँदाको पदमा कायम नरहेमा स्वतः सभाको सदस्य रहने छैन ।

९. <u>सभाको बैठकः</u> (१) सभाको बैठक सामान्यतया वर्षको दुई पटक बस्नेछ ।

तर आवश्यक परेमा सभाको विशेष बैठक बोलाउन सकिनेछ ।

(२) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले र निजको अनुपस्थिमा सभाको उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा सभाको बैठकको अध्यक्षता उपकुलपतिले गर्नेछ ।

(३) सभाको सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले बोलाउनेछ ।

(५) सभाको बैठक हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाको सदस्य सचिवले सबै सदस्यहरूलाई दिनेछ ।

(६) सभाको बैठकको निर्णय प्रमाणित सभाको अध्यक्ष र सदस्य सचिवले गर्नेछ ।

(७) उपकुलपतिले सभाको निर्णय वा आदेशको अभिलेख गरी राख्नुपर्नेछ र सो निर्णयको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ ।

(८) सभाको बैठकको अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. सभाको काम, कर्तव्य र अधिकारः (१) सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) विश्वविद्यालयको नीति निर्धारण गर्ने,

(ख) विश्वविद्यालयले प्रदान गर्ने उपाधिको व्यवस्थापन गर्ने,

(ग) विश्वविद्यालय र सो अन्तर्गतका निकायहरुलाई मार्ग दर्शन गर्ने,

(घ) विश्वविद्यालयको दीर्घकालीन योजना, वार्षिक वजेट र कार्यक्रम स्वीकृत गर्ने,

(ङ) विश्वविद्यालय अन्तर्गत अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयहरूको पाठ्यक्रम निर्धारण गर्ने,

(च) विश्वविद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धान गरिने विषयहरूमा भर्ना हुन चाहिने योग्यता र भर्ना हुने आधार तोक्ने,

(छ) विश्वविद्यालय सम्बन्धी नियम पारित गर्ने,

(ज) अनुसन्धान सम्बन्धी नीति निर्धारण गर्ने,

(झ) विश्वविद्यालय र मातहत निकायको वार्षिक प्रतिवेदन

माथि छलफल गर्ने र कार्यक्रमको मूल्याङ्कन गर्ने,

(ञ) विश्वविद्यालय तथा अन्तर्गत निकायको शैक्षिक तथा प्रशासनिक कामको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरवन्दी स्वीकृत गर्ने,

(ट) विश्वविद्यालयको प्राज्ञिक परिषद्ले गरेका सिफारिस तथा निर्णयहरू कार्यान्वयनको लागि अनुमोदन गर्ने वा निर्देशन दिने,

(ठ) आवश्यकता अनुसार विशेष समिति र आयोगको गठन गर्ने ।

(ड) विश्वविद्यालय अनुदान आयोगसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ढ) तोकिए बमोजिम अन्य कामहरू गर्ने ।

## परिच्छेद-४
## प्राज्ञिक परिषद्को गठन

११. **प्राज्ञिक परिषद् गठनः** (१) विश्वविद्यालयको प्राज्ञिक निकायको रूपमा काम गर्न देहायका सदस्यहरू भएको एउटा प्राज्ञिक परिषद् हुनेछ;-

(क) उपकुलपति -अध्यक्ष

(ख) संकायका डीनहरू-सदस्य

(ग) प्राचार्यहरू मध्येबाट दुई जना -सदस्य

(घ) अनुसन्धान केन्द्रका निर्देशकहरू -सदस्य

(ङ) संकायका डीनहरू मध्येवाट उपकुलपतिले तोकेको -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरूको मनोनयन उपकुलपतिबाट चार वर्षको लागि हुनेछ ।

(३) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ ।

१२. <u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकारः</u> प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) विश्वविद्यालयले प्रदान गर्ने उपाधिको व्यवस्थापन गर्ने,

(ख) विश्वविद्यालय अन्तर्गत अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयहरूको पाठ्यक्रम निर्धारण गर्ने,

(ग) परीक्षा सम्बन्धी कार्यहरूको व्यवस्थापन गर्ने,

(घ) विश्वविद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धान गरिने विषयहरूमा भर्ना हुन चाहिने योग्यता र भर्ना हुने आधार तोक्ने,

(ङ) प्राज्ञिक विषयमा कार्यकारी परिषद्लाई राय सल्लाह दिने,

(च) अनुसन्धान सम्बन्धी नीति निर्धारण गर्ने,

(छ) मानार्थ उपाधिको व्यवस्था गर्ने,

(ज) शिक्षण र अनुसन्धानको स्तर निर्धारण गर्ने,

(झ) शैक्षिक कार्यक्रमको मूल्याङ्कन गर्ने,

(ञ) आवश्यकता अनुसार विशेष समिति र आयोग गठन गर्ने,

(ट) तोकिए बमोजिम अन्य कामहरू गर्ने ।

## परिच्छेद-५

## कार्यकारी परिषद्

१३. कार्यकारी परिषद्को गठनः (१) विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्न देहायका सदस्यहरू भएको कार्यकारी परिषद् हुनेछ;-

(क) उपकुलपति -अध्यक्ष

(ख) डीनहरूमध्येबाट एक जना -सदस्य

(ग) विश्वविद्यालयका शिक्षकहरू मध्येबाट कम्तीमा एक जना महिला सहित मनोनित हुने गरी दुई जना -सदस्य

(घ) रजिष्ट्रार -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरूको मनोनयन उपकुलपतिको सिफारिसमा सभाले गर्नेछ।

(३) मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) बैठकको निर्णय सभाको अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(५) बैठक सम्बन्धी कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. <u>कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारः</u> कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) सभाको निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ख) विश्वविद्यालयको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन, अन्य प्रतिवेदन र प्रस्तावहरू तयार गरी स्वीकृति वा अनुमोदनको लागि सभामा पेश गर्ने,

(ग) विश्वविद्यालयको चल, अचल सम्पत्तिको सञ्चालन, संरक्षण र रेखदेख गर्ने,

(घ) विश्वविद्यालयको लागि प्रदान गरिएका आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ङ) विश्वविद्यालयको चल, अचल सम्पत्तिको हक हस्तान्तरण गर्न वा कुनै सम्झौता, करार वा ठेक्का पट्टा गरी दिने/लिने,

(च) विद्यार्थी शुल्क निर्धारण गर्ने,

(छ) छात्रवृत्तिको व्यवस्था गर्ने,

(ज) नियमको मस्यौदा बनाई स्वीकृतिको लागि सभामा पेश गर्ने र सभाबाट स्वीकृत भएपछि लागू गर्ने,

(झ) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको दरबन्दी तोक्ने र पदपूर्ति समितिको सिफारिसमा नियुक्ति र बढुवा गर्ने,

(ञ) तोकिए बमोजिम अन्य कामहरू गर्ने ।

## परिच्छेद-६

## पदपूर्ति समिति सम्बन्धी व्यवस्था

१५. पदपूर्ति समितिः (१) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न देहायका सदस्यहरू भएको एउटा पदपूर्ति समितिको गठन हुनेछः–

(क) उपकुलपति –अध्यक्ष

(ख) सदस्य, प्रदेश लोक सेवा आयोग –सदस्य

(ग) ख्याति प्राप्त प्राध्यापक मध्ये एक जना –सदस्य

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम सदस्यको नियुक्ति उपकुलपतिको सिफारिसमा कुलपतिले गर्नेछ ।

(३) मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) पदपूर्ति समितिले आफ्नो कार्यविधि आफै बनाई लागू गर्ने छ।

(५) बढुवा बाहेक खुल्ला र आन्तरिक प्रतिस्पर्धाबाट पदस्थापन हुने पदमा सम्भाव्य

उम्मेदवारहरूको लागि लिखित परीक्षाको सञ्चालन तथा व्यवस्थापन प्रदेश लोक सेवा आयोगले गर्नेछ ।

(६) उपदफा (१) बमोजिमको समितिले उपदफा (५) बमोजिम सञ्चालित लिखित परीक्षामा उत्तीर्ण भएको सम्भाव्य उम्मेदवारहरूको सिफारिस प्रदेश लोक सेवा आयोगले गरेको आधारमा शिक्षक तथा कर्मचारीहरूको भर्नाका अन्य बाँकी प्रक्रियाको काम कारवाही पूरा गरी पदपूर्ति गर्नेछ ।

(७) पदपूर्ति समितिले शिक्षकको नियुक्ति तथा बढुवा गर्दा प्राज्ञिक क्षमता र अनुभवलाई तथा कर्मचारीको नियुक्ति र बढुवा गर्दा प्रशासनिक दक्षता तथा अनुभवलाई मुख्य आधार बनाउनु पर्नेछ ।

(८) पदपूर्ति समितिको अध्यक्ष र सदस्यहरूको सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ ।

१६. <u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार</u>ः पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) विश्वविद्यालय सम्बन्धी कानून तथा प्रदेश लोक सेवाको मापदण्ड बमोजिम आवश्यक शिक्षक / प्रशिक्षक तथा अन्य कर्मचारीहरुको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्ने ,

(ख) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद-७
## पदाधिकारी

१७. कुलपतिः (१) मुख्यमन्त्री विश्वविद्यालयको कुलपति हुनेछ ।

(२) कुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षको आसन ग्रहण गर्नेछ।

(३) कुलपतिले आवश्यकता अनुसार विश्वविद्यालयको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ।

१८. सहकुलपतिः (१) प्रदेशको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्री विश्वविद्यालयको सहकुलपति हुनेछ ।

(२) सहकुलपतिले कुलपतिको अनुपस्थितिमा विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ।

(३) सहकुलपतिले आवश्यकता अनुसार विश्वविद्यालयको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ।

१९. <u>उपकुलपतिः</u> (१) उपकुलपति विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) विश्वविद्यालयको उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस पेश गर्न कुलपतिवाट सहकुलपतिको अध्यक्षतामा दुई जना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिवाट उपकुलपतिको नियुक्ति हुनेछ ।

(३) उपकुलपतिको योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयवाट विद्यावारिधि उपाधि हासिल गरेको,

(ख) शिक्षण अथवा अनुसन्धानमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको,

(ग) शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको,

(घ) चालीस वर्ष उमेर पूरा भएको,

(ङ) उच्च नैतिक चरित्र भएको ।

(४) उपकुलपतिको कार्यकाल पाँच वर्षको हुनेछ ।

(५) विश्वविद्यालयको सबै काम कारवाही उपर उपकुलपतिको नियन्त्रण रहनेछ र निजले विश्वविद्यालयको काम कारवाहीमा निर्देशन दिन र रेखदेख गर्न सक्नेछ ।

(६) उपकुलपतिले सभाको निर्णय र निर्देशनहरू कार्यान्वयन गर्नु, गराउनु पर्नेछ।

(७) उपकुलपतिको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ ।

(८) उपकुलपतिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. <u>रजिष्ट्रारः</u> (१) उपकुलपतिको सिफारिसमा कुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नियुक्तिका लागि देहायका योग्यता भएको हुनु पर्नेछ;-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको,

(ख) प्रशासनिक क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको,

(ग) पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको ।

(३) रजिष्ट्रारको पदावधि पाँच वर्षको हुनेछ।

(४) रजिष्ट्रारको अनुपस्थितिमा रजिष्ट्रारले गर्नु पर्ने काम गर्न उपकुलपतिले डीनहरू मध्येबाट कुनै एक जनालाई नियुक्त गर्नेछ ।

(५) रजिष्ट्रारको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ।

(६) विश्वविद्यालयको सम्पूर्ण प्रशासनिक कार्यको जिम्मेवारीपूर्वक कार्य सम्पन गर्ने, गराउने अधिकार रजिष्ट्रार हुनेछ ।

(७) सभामा पेश गरिने विश्वविद्यालयको आय-व्ययको वार्षिक अनुमान तयार गर्ने जिम्मेवारी रजिष्ट्रारको हुनेछ ।

(८) रजिष्ट्रारले विश्वविद्यालयको हिसाव किताव तोकिए बमोजिम लेखापरीक्षण गराई त्यसको प्रतिवेदन सभामा पेश गर्नेछ ।

(९) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२१. <u>डीन, निर्देशक र अन्य पदाधिकारीहरूको नियुक्तिः</u> डीन, निर्देशक र अन्य पदाधिकारीहरूको नियुक्ति काम, कर्तव्य, अधिकार, पारिश्रमिक, सुविधा र सेवाको शर्तहरू तोकिए बमोजिम हुनेछ।

२२. <u>नियुक्ति गर्नु पर्ने अवधिः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको कुनै पदाधिकारीको पद रिक्त भएमा सम्बन्धित

अधिकारीले रिक्त भएको एक महिनाभित्र त्यस्तो पदमा नियुक्ति गरी पूर्ति गर्नु पर्नेछ ।

२३. <u>जिम्मेवारी तोक्न सक्नेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको कुनै पद रिक्त भएमा सो पदपूर्ति नभएसम्म दैनिक कार्य सञ्चालन गर्न बढीमा एक महिनाको लागि उपकुलपतिको जिम्मेवारी सहकुलपतिले र अन्य पदाधिकारीको जिम्मेवारी उपकुलपतिले विश्वविद्यालयको कुनै पदाधिकारीलाई तोक्न सक्नेछ।

२४. <u>पदबाट हटाउन सकिनेः</u> (१) उपकुलपति वा रजिष्ट्रारबाट विश्वविद्यालयलाई गम्भीर असर पर्ने गरी कार्य भएको, पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरुप आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै कार्य गरेको अवस्थामा कुलपतिद्वारा सभाका सदस्यहरु मध्येबाट तीन जना सदस्य रहेको छानविन समिति गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले तोकेको मितिभित्र सत्य तथ्य बुझी सो सम्बन्धी प्रतिवेदन सहकुलपति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको प्रतिवेदनको आधारमा निज दोषी पाइएमा सभाको वहुमत सदस्यहरूको स्वीकृतिबाट उपकुलपतिलाई कुलपतिबाट र रजिष्ट्रारलाई कुलपतिबाट पदमुक्त गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाउने निर्णय गर्नु अघि निज उपर लागेको आरोपको सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) उपकुलपति र रजिष्ट्रार बाहेक अन्य पदाधिकारीलाई उपदफा (१) बमोजिमको आरोपमा छानविन गर्न र पदबाट हटाउन अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम कुनै पदाधिकारी उपर छानविन शुरु भएमा त्यसको अन्तिम निर्णय नभए सम्मको लागि निजले आफू बहाल रहेको पदमा काम गर्न पाउने छैन ।

## परिच्छेद-८

## संकाय, अनुसन्धान केन्द्र तथा अन्य निकाय

२५. **संकाय:** (१) विश्वविद्यालयबाट सञ्चालन गरिने उच्च शिक्षाका लागि तोकिए बमोजिमको संकाय रहनेछ ।

(२) संकायको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२६. **अनुसन्धान केन्द्रः** (१) विश्वविद्यालयले अनुसन्धान गर्नको लागि आवश्यकता अनुसार अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) अनुसन्धान केन्द्रको काम, कर्तव्य र अधिकार तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **विद्या परिषद्:** (१) प्रत्येक संकायमा शैक्षिक तथा प्राज्ञिक कार्यक्रमहरुको सञ्चालनको लागि तोकिए बमोजिम एक विद्या परिषद् रहनेछ ।

(२) विद्या परिषद् अन्तर्गत तोकिए बमोजिमका विशेष समिति रहनेछन् ।

(३) विद्या परिषद् र सो अन्तर्गत रहने समितिको काम, कर्तव्य र अधिकार तथा बैठकको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२८. **महाविद्यालयः** (१) विश्वविद्यालयले उच्च शिक्षा प्रदान गर्नका लागि आवश्यकता अनुसार महाविद्यालयको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(२) महाविद्यालय स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **सम्बन्धन प्राप्त महाविद्यालयः** (१) विश्वविद्यालयले उच्च शिक्षा प्रदान गर्नको लागि आवश्यक्ता अनुसारको निजी तथा सामुदायिक महाविद्यालयलाई सम्बन्धन प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धन प्राप्त गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(३) सम्बन्धन प्राप्त महाविद्यालयको सञ्चालन तथा नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९
## कोष, लेखा तथा लेखापरीक्षण

३०. **विश्वविद्यालयको कोषः** (१) विश्वविद्यालयको एक कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) विश्वविद्यालयले सापटी लिएको रकम,

(ङ) विश्वविद्यालयको लागि दान, दातव्य र आर्थिक सहायता स्वरूप प्राप्त भएको रकम,

(च) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा एजेन्सी वा वित्तीय संस्थाहरूबाट प्राप्त सहयोग एवं ऋणको रकम,

(छ) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त भएको रकम,

(ज) शुल्क तथा अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (च) बमोजिम विश्वविद्यालयले कुनै रकम प्राप्त गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) विश्वविद्यालयको कोषको रकम कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) विश्वविद्यालयको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) विश्वविद्यालयको सबै खर्चहरू उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

३१. <u>लेखा र लेखापरीक्षणः</u> (१) विश्वविद्यालयको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) विश्वविद्यालयको लेखापरीक्षण प्रचलित कानून बमोजिम गराउनु पर्नेछ ।

## परिच्छेद-१०

## <u>विविध</u>

३२. <u>विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यताः</u> विश्वविद्यालयमा भर्ना हुन चाहने विधार्थी वा

अनुसन्धानकर्ताको योग्यता तोकिए बमोजिम हुनेछ ।

३३. **<u>काम कारवाही अवैध नमानिने:</u>** विश्वविद्यालयको कुनै पदाधिकारीको रूपमा नियुक्त भई कामकाज गरिरहेको अवस्थामा कुनै कारणले निज पदाधिकारी अयोग्य भई वा नियुक्ति बदर भई निज पदमा बहाल नरहेको भए पनि निज पदाधिकारीले गरेको काम कारवाही अवैध मानिने छैन ।

३४. **<u>असल नियतले काम गरेकोमा बचाऊ:</u>** यो ऐन बमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा विश्वविद्यालय वा विश्वविद्यालयको कुनै पदाधिकारी उपर मुद्दा चलाउने वा अन्य कुनै कानू नी कारवाही गरिने छैन ।

३५. **<u>अधिकार प्रत्यायोजन:</u>** (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये केही अधिकार कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्राज्ञिक परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये केही अधिकार विश्वविद्यालयका

कुनै पदाधिकारी वा विश्वविद्यालयको कुनै समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कार्यकारी परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये केही अधिकार विश्वविद्यालयका कुनै पदाधिकारी वा विश्वविद्यालयको कुनै समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३६. <u>प्रदेश सरकारसँग सम्पर्कः</u> विश्वविद्यालयले प्रदेश सरकारसँग सम्पर्क राख्दा प्रदेशको शिक्षा सम्बन्धी विषय हर्ने मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३७. <u>वार्षिक प्रतिवेदनः</u> विश्वविद्यालयको वार्षिक प्रतिवेदन तोकिएको अवधिभित्र सभामा पेश गर्नु पर्नेछ।

३८. <u>विश्वविद्यालयलाई छुट र सुविधाः</u> प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको नाममा हुने लिखित रजिष्ट्रेशनमा लाग्ने दस्तुर वा करमा प्रदेश सरकारले छुट दिन सक्नेछ।

३९. <u>पद रिक्त हुने अवस्थाः</u> (१) देहायको अवस्थामा पदाधिकारीहरुको पद रिक्त हुनेछ;-

(क) निजको मृत्यु भएमा,

(ख) निजले दिएको राजिनामा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएमा,

(ग) कुनै नैतिक पतन देखिने फौजदारी अपराधमा अदालतबाट सजाय पाएकोमा,

(घ) दफा २४ बमोजिम पदबाट हटाएमा ।

४०. <u>स्वीकृति लिनु पर्नेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा वा कार्य गर्दा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

४१. <u>सम्झौता गर्नेः</u> विश्वविद्यालयले आवश्यकता अनुसार कुनै पनि स्वदेशी तथा विदेशी व्यक्ति, संघ, संस्थाहरुसँग पठन पाठन तथा अनुसन्धान कार्य सञ्चालन गर्न प्रचलित कानूनको अधीनमा रही सम्झौता गर्न सक्नेछ ।

४२. <u>बौद्धिक सम्पति सम्बन्धी अधिकारः</u> (१) विश्वविद्यालयले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक

सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम विश्वविद्यालयमा सुरक्षित रहनेछ ।

(२) विश्वविधालयले उपदफा (१) बमोजिमको काममा संलग्न रही अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति आर्जनमा संलग्न अनुसन्धानकर्ता वा अन्य व्यक्तिलाई उपयुक्त पहिचान वा पुरस्कार वा तोकिए बमोजिम रोयल्टीको केही हिस्सा उपलब्ध गराउन सक्नेछ ।

४३. स्वार्थ बाझिएमा काम कारवाही गर्न नहुनेः यस ऐन अन्तर्गत मनोनयन वा नियुक्त हुने पदाधिकारीको विश्वविद्यालयको हित वा सरोकारसँग स्वार्थ बाझिने देखिएमा निज त्यस्तो काम कारवाही वा निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैन ।

४४. बाह्य मूल्याङ्कन गरिनेः (१) विश्वविद्यालय परिषद्ले प्रत्येक तीन वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारवाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धि लगायतका विषयमा तोकिए बमोजिम बाह्य मूल्याङ्कन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाह्य मूल्याङ्कनको प्रतिवेदन विश्वविद्यालय सभा समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन प्रतिवेदन विश्वविद्यालय सभाले तीन वर्षको अवधि समाप्त भएको मितिले छ महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन मन्त्रालय समक्ष पेश भए पछि विश्वविद्यालयले सार्वजनिक गर्नेछ ।

४५. <u>निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्तिः</u> (१) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका दलित, सीमान्तीकृत, अपाङ्ग र आर्थिक रुपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य

व्यवस्था प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एक पटक मात्र उपभोग गर्न पाउनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको भर्नाका लागि तोकिए बमोजिमको सिट सुरक्षित गरिनेछ ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ ।

(६) कक्षा दश सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउँनेछ ।

४६. <u>विघटन हुँदाको परिणामः</u> कुनै कारणले विश्वविद्यालय विघटन भएमा विश्वविद्यालयको सम्पत्ति तथा दायित्व प्रदेश सरकारमा सर्नेछ ।

४७. <u>नियम बनाउने अधिकारः</u> यस ऐनको कार्यान्वयन गर्न विश्वविद्यालयले आवश्यक नियम बनाउन सक्नेछ ।